बैठक नं - ९६

आज मिति २०७७ मंसिर ७ गते आइतबारका दिन यस देवचुली नगरपालिकाको नगर प्रमुख श्री पूर्ण कुमार श्रेष्ठज्यूको अध्यक्षता मा ९६औं कार्यपालिका बैठक बस्यो ।

उपस्थिती

| सि.न | नाम थर | पद | हस्ताक्षर |
|---|---|---|---|
| १ | श्री पूर्ण कुमार श्रेष्ठ | नगर प्रमुख | [signature] |
| २ | श्री पार्वता तिवारी | नगर उप-प्रमुख | [signature] |
| ३ | श्री लक्ष्मणराज भण्डारी | कार्यपालिका सदस्य | [signature] |
| ४ | श्री माधव के.सी | कार्यपालिका सदस्य | [signature] |
| ५ | श्री गोपाल राज शर्मा लम्साल् | कार्यपालिका सदस्य | [signature] |
| ६ | श्री गिर बहादुर थापा क्षेत्री | कार्यपालिका सदस्य | [signature] |
| ७ | श्री शिवलाल सापकोटा | कार्यपालिका सदस्य | [signature] |
| ८ | श्री मिन बहादुर सोती | कार्यपालिका सदस्य | [signature] |
| ९ | श्री भुपराज पाठक | कार्यपालिका सदस्य | [signature] |
| १० | श्री चन्द्र बहादुर सिंजाली | कार्यपालिका सदस्य | [signature] |
| ११ | श्री मेख बहादुर थापा सारु मगर | कार्यपालिका सदस्य | [signature] |
| १२ | श्री केशर आले | कार्यपालिका सदस्य | [signature] |
| १३ | श्री रमेश बहादुर ठाडा मगर | कार्यपालिका सदस्य | [signature] |
| १४ | श्री दिनानाथ भुसाल | कार्यपालिका सदस्य | [signature] |
| १५ | श्री डिल बहादुर खत्री | कार्यपालिका सदस्य | [signature] |
| १६ | श्री हेमराज दवाडी | कार्यपालिका सदस्य | [signature] |
| १७ | श्री हरिभक्त भट्टराई | कार्यपालिका सदस्य | — |
| १८ | श्री केशर बहादुर क्षेत्री | कार्यपालिका सदस्य | [signature] |
| १९ | श्री विष्णु प्रसाद आचार्य | कार्यपालिका सदस्य | [signature] |
| २० | श्री टिकामाया सिंजाली | कार्यपालिका सदस्य | [signature] |
| २१ | श्री सकुन्तला गुरुङ | कार्यपालिका सदस्य | [signature] |
| २२ | श्री सुवोचन्द्र सुवेदी | कार्यपालिका सदस्य | [signature] |
| २३ | श्री माया सुवेदी | कार्यपालिका सदस्य | [signature] |
| २४ | श्री नव कुमारी शर्मा | कार्यपालिका सदस्य | [signature] |
| २५ | श्री कमला दमै | कार्यपालिका सदस्य | — |
| २६ | श्री खेमलाल नेपाली | कार्यपालिका सदस्य | — |
| २७ | श्री भोज बहादुर माझी | कार्यपालिका सदस्य | — |
| २८ | श्री गोविन्द सिग्देल भुसाल | सदस्य सचिव | [signature] |

Scanned with CamScanner

## अन्य आमन्त्रित

१. राम प्रसाद शर्मा, शिक्षा शाखा, नगर शिक्षा प्रमुख
२. जिवलाल श्रेष्ठ, प्रशासन तथा योजना अधिकृत, योजना शाखा
३. श्रीमप्र पौडेल, लेखा अधिकृत, आर्थिक प्रशासन शाखा
४. टिका राम बस्याल, इन्जिनियर, पुर्वाधार विकास शाखा
५. कृष्ण हरी सापकोटा सूचना प्रविधि अधिकृत, सूचना प्र. शाखा
६. विमला लम्साल अधिकृत स्तर छैठौं म. वि. शाखा
७. राम कुमार श्रेष्ठ, जनस्वास्थ्य अधिकृत, स्वास्थ्य शाखा

Scanned with CamScanner

<u>मिति २०७७।८।७ गतेको नगर कार्यपालिकाको वैठकबाट भएका छलफल तथा निर्णयहरु</u>

१, व्यवसाय दर्तासम्वन्धी काम वडाधाटसंचालन गर्ने सम्वन्धमा

२, कार्यविधि र नियमावली स्वीकृत गर्ने सम्वन्धमा

३, दुम्कौली अस्पतालको शिलान्यास गर्ने सम्वन्धमा

४, पक्कीपुलको स्थान एकिन गर्ने सम्वन्धमा

५, सि.जी. को सवारी पार्किङ्ग ठेक्का सम्वन्धमा

६, आवधिक योजनाका निर्माणका लागि आगत सहभागीता सम्वन्धमा

७, नेपाल मा.वि.को कक्षा ११ मा कम्पुटर विषय थपको अनुमती सम्वन्धमा

८, कृषि सहायकको करार म्याद थप सम्वन्धमा

९, नगरक्षेत्रका सुकुम्वासीहरुको व्यवस्थापन सम्वन्धमा

१०, दस्तुर कायम गर्ने सम्वन्धमा

११, भर्ना अभियानमा उमेर समुह किटान गर्ने सम्वन्धमा

<u>निर्णय नं. १,</u>

प्रस्ताव नं. १ उपर छलफल गर्दा हाल यस नगरपालिका क्षेत्रमा संचालित व्यवसाय दर्ता गरी प्रमाणपत्र उपलव्ध गराउने कार्य नगरपालिका कार्यालयबाट गरिदै आएकोमा टाढा-टाढाका व्यवसायीहरुलाई नगरपालिकासम्म आइ व्यवसाय दर्तागराउन कठिनाइ परेको कारण अधिकांश व्यवसायदर्ताहुन वांकी देखिएकोले अर्को व्यवस्था नभएसम्मका लागि २०७७ पौष महिना देखि सम्वन्धित वडाकार्यालयहरुबाटै व्यवसाय दर्ता गरी व्यवसाय दर्ता/नवीकरण सम्वन्धी प्रमाणपत्र उपलव्ध गराउन सम्वन्धित वडा कार्यालयका वडा सचिवलाइ जिम्मेवारी दिने । यस अघि नगरपालिकाबाट व्यवसाय दर्तागरी जारी भएका प्रमाणपत्रहरुसमेत सम्वन्धित वडा कार्यालयबाटै नियमानुसार नवीकरण गरी प्रत्येक महिना व्यवसाय दर्ता/नवीकरण सम्वन्धी कार्यहरुको प्रगति विवरणहरेक दोस्रो महिनाको ७ गते भित्र नगरपालिका कार्यालयमा उपलव्ध गराउन लगाउने निर्णय गरियो ।

<u>निर्णय नं. २,</u>

प्रस्ताव नं. २ उपर छलफल गर्दा यस नगरपालिका बाट तयार पारी विधान समितिबाट छलफलगरी स्वीकृतिका लागि पेश भएका तपसिल अनुसारका निर्देशिका,मापदण्ड तथा नियमावली स्वीकृत गरी कार्यान्वयनमा ल्याउने निर्णय गरियो ।

Scanned with CamScanner

१, वस्ती विकास शहरी योजना तथा भवन निर्माण मापदण्ड निर्देशिका २०७७

२, देवचुली नगरपालिकाको ढुंगा,गिटी,ग्राभेल,बालुवा तथा खनिजन्य सामाग्री उपयोगविक्रि वितरण सम्वन्धी मापदण्ड २०७७

१, देवचुली नगरपालिकाको सार्वजनिक खरिद नियमावली २०७७

निर्णय नं. ३,

प्रस्ताव नं. ३ उपर छलफल गर्दा स्वस्थ्य तथा जनसंख्या मन्त्रालय नीति तथा योजना शाखाको च.नं. २९८ मिति २०७७।७।२६ को पत्रानुसार यस नगरपालिका क्षेत्रको दुम्कौली प्राथमिक स्वास्थ्य केन्द्रमा १५ शैयाको अस्पताल निर्माणका लागि कार्यविधि सहित वजेट व्यवस्था भएको र २०७७ साल मंसीर १५ गते तोकिएका पालिकाहरुमा एकै दिन शिलान्यास गर्ने निर्देशन सहितको पत्र प्राप्त हुन आएकोलेतोकिएअनुसारको मापदण्ड पुरागरी उक्त अस्पताल भवन निर्माणकालागि २०७७ मंसीर १५ गतेशिलान्यास गर्ने र उक्त कार्यक्रमको तयारीका लागि वडा अध्यक्ष तथा दुम्कौली प्रा.स्वा.केन्द्रका अध्यक्षलाई जिम्मेवारी दिने निर्णय गरियो ।

निर्णय नं. ४,

प्रस्ताव नं. ४ उपर छलफल गर्दा यस नगरपालिका वडा नं. १२ मा पक्कीपुल निर्माणका लागि प्रदेश सरकार समेतबाट प्रस्ताव भइ आएकोमा उक्त स्थानमा पुल निर्माणमा द्विविधा पर्न गएकोमा सो सम्वन्धमा नगर प्रमुख, उप प्रमुख र सम्वन्धित वडाका वडा अध्यक्ष समेतको स्थलगत अनुगमनबाट सम्वन्धित निकायसंगको समन्वयमा स्थान एकिन गर्ने निर्णय गरियो ।

निर्णय नं. ५,

प्रस्ताव नं. ५ उपर छलफल गर्दा यस नगरपालिका वडा नं.२ स्थित सि.जी उद्योग/मन्दिर क्षेत्रको अवलोकनका लागि आउने दर्शकहरुको सवारीसाधन पार्किङ्गका लागि जग्गा भाडामा लिइ टेण्डर वढावढ प्रकृयावाट ठेक्का लगाइएकोमा कोरोना महामारीका कारण तोकिए अनुसारको रकम भुक्तानी गर्न कठिनाइ परेको भनी ठेकेदारवाट अनुरोध भइआएकोले २०७६ चैत्र ११ देखि लकडाउन कार्यान्वयनमा आएकोमा लकडाउन हुनु पूर्व ३ महिनाको रकम निजले तिर्न बुझाउन बांकी बक्यौता रहेकोले उक्त रकम असुल उपरका लागि आवश्यक पहल गर्ने निर्णय गरियो ।

नगर प्रमुख

प्रमुख प्रशासकीय अधिकृत

निर्णय नं. ६,

निर्णय नं ६

प्रस्ताव नं. ६ उपर छलफल गर्दा हालसम्म यस नगरपालिकाको आवधिक योजना तयार भइ नसकेकोमा उक्त आवधिक योजना तयारीका लागि प्रदेश सरकारबाट सहयोग प्राप्त हुने आश्वासन सहित सोका लागि प्रतिवद्धता जनाइएकोले उक्त कार्यका लागि प्रदेश सरकारबाट प्राप्त सहयोग रकममा आवधिक योजना तयार गर्नका लागि नपुग हुने रकम यस नगरपालिकाको समपुरक कोषबाट व्ययभार गरी आवधिक योजना निर्माण प्रकृया अगाडि वढाउने निर्णय गरियो ।

निर्णय नं. ७,

प्रस्ताव नं. ७ उपर छलफल गर्दा यस नगरपालिका अन्तरगत वडा नं १ मा संचालित नेपाल मा.वि. ले व्यवस्थापन संकाय तर्फ कम्पुटर विषय ११ कक्षा पठनपाठनका लागि विषय थपको अनुमति माग गरेकोले यस नगरपालिकाबाट थप आर्थिक दायित्व नपर्ने गरी तोकिएको मापदण्ड पूरा गरी नियमानुसार कक्षा ११ को कम्पुटर विषय पाठनपाठनका लागि अनुमति दिने निर्णय गरियो ।

निर्णय नं. ८,

प्रस्ताव नं. ८ उपर छलफल गर्दा यस नगरपालिकामा विगत समयदेखि नै एक गाउं एक प्राविधिक स्वरुप एकजना ना.प्रा.स./सहायक स्तर चौथो कृषि प्राविधिक करार सेवामा कार्यरत रहीआएकोमा नेपाल सरकार पशुपक्षि मन्त्रालयवाट ६ महिनाका लागि तलव सुविधा उपलव्ध गराउने र वांकी अवधिको तलव भत्ता सम्वन्धित पालिकाबाटै दायित्व वहन गर्ने गरी कामकाजमा लगाउन निर्देशन भइ आएको र हाल यस नगरपालिकामा कृषि सेवाका दरबन्दी अनुसारका जनशक्ति अभाव भएकोलें उक्त पदको तोकिए अनुसारको निजको तलव भत्ता रकम प्राप्त भइ नसकेको भए तोकिए अनुसारको तलव भत्ताका लागि सोधभर्ना स्वरुप सम्वन्धित निकायमा अनुरोध गर्ने र बांकी नपुग तलव भत्ता रकम यस कार्यालयको कर्मचारी सेवा परामर्श शीर्षकबाट व्यवभार हुने गरी २०७८ असार मसान्तसम्मका लागि सेवा करारको म्याद थप गरी नियमानुसार कामकाजमा लगाउने निर्णय गरियो ।

निर्णय नं. ९,

प्रस्ताव नं. ९ उपर छलफल गर्दा यस नगरपालिका क्षेत्रका सामुदायिक वन क्षेत्रमा विगत चार दशक भन्दा अधिदेखि नै स्थानीय नगरवासीहरुको बसोवास भइ आएकोमा उक्त क्षेत्रलाइ सामुदायिक वन क्षेत्र भित्र समाबेश भएको कारण निजहरुको घरजग्गा सामुदायिक वन क्षेत्रमा पर्न गइ भवन निर्माण,खेतीवाली संचालन लगायत व्यवसाय संचालनमा समेत कठिनाइ परेकोले यस सम्वन्धमा आवश्यक पहल गरिदिन बारम्वार अनुरोध भइ आएकोमा त्यस्ता बस्तीलाई व्यवस्थित गर्ने सम्वन्धमा छलफल गर्ने यथासक्य छिटो सामुदायिक वन क्षेत्रभित्र बसोवास भएका घरधुरीहरुको विवरण संकलन गरी एकिन विवरण प्राप्त भए पश्चात त्यस्ता घरधुरी

दुर्गा कुमारी श्रेष्ठ
नगर प्रमुख

गोविन्द सिग्देल
प्रमुख प्रशासकीय अधिकृत

Scanned with CamScanner

हरुका सम्वन्धमा नगर प्रमुख, नगर उप प्रमुख, सम्वन्धित सामुदायिक वनका अध्यक्ष, सम्वन्धित वडाका वडा अध्यक्ष, डिभिजन वन कार्यालयका प्रमुख समेतलाइ आमन्त्रण गरी उक्त छलफल गर्ने निर्णय गरियो ।

निर्णय नं. १०,

प्रस्ताव नं. १० उपर छलफल गर्दा निम्न विषयका सम्वन्धमा नगरसभाबाट दस्तुर कायम भएको नदेखिएको र हाल उक्त कार्यसंम्पादन गर्न परेकोले आगामी नगरसभाबाट समर्थन हुने गरी निम्नानुसार कार्यहरुका लागि निम्नानुसारको दस्तुर लिइ कार्यसम्पादन गर्ने निर्णय गरियो ।

१, रासायनिक मल विक्रेताको सूचिकृत गरी प्रमाणपत्र उपलव्ध गराउने दस्तुर रु, ५००।- र उक्त प्रमाणपत्रको बार्षिक नवीकरण दस्तुर रु, ३००।- कायम गर्ने

२, सामुदायिक विद्यालयका शिक्षकहरुको जिल्लान्तर तथा अन्तरपालिका भित्र सरुवा अनुमतिका लागि निम्नानुसार दस्तुर लिने निर्णय गरियो ।

आधारभूत तह (१-५) सम्मको लागि रु, १,०००।-

आधारभूत तह (७-८) सम्मको लागि रु, १,५००।-

मा.वि. तह - रु, २,०००।-

३, आधारभूत तह कक्षा ८ को लव्धाङ्कपत्रको जन्म मिति तथा अन्य विषयमा संशोधनका लागि रु, ३००।- विद्यालयबाट जारी भएको शैक्षिक योग्यताको प्रमाणपत्र प्रमाणिकरण प्रयोजनका लागि रु, ३००।-

निर्णय नं. ११,

प्रस्ताव नं ११ उपर छलफल गर्दा नगरपालिका क्षेत्रभित्र संचालित विद्यालयहरुमा स-साना बालिकाहरुलाइ समेत ECD कक्षामा भर्ना गर्ने गरेको र सा-साना वालवालिकाहरुलाइ हालको अवस्थामा विद्यालयमा स्याहार सुसार गर्न र संक्रमित रोगबाट जोगाउन समेत कठिनाइ परेको देखिएकोले विद्यालयमा भर्ना अभियान २०७८ शुरुहुंदा नयां शैक्षिक सत्रदेखि ECD कक्षाको उमेर समुह ३ वर्ष पूरा भएको र कक्षा १ मा भर्ना लिदा ५ वर्ष पूरा भएको वालवालिकालाइ मात्र भर्ना लिई एक रुपता कायम गर्नका लागि सवैविद्यालयहरुलाइ निर्देशन दिने निर्णय गरियो ।

नगर प्रमुख

गोविन्द रिमेल
प्रमुख प्रशासकीय अधिकृत

Scanned with CamScanner